**सुचना नं :१/शिक्षा**

**आ.व. : २०७८/७९** **प्रथम पटक प्रकाशित मिति : २०७९/०२/०८**

## सेनिटरी प्याड (Sanitary Pad) खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

**रामग्राम नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६ देखी १२ सम्मका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड उपलब्ध गराउने प्रयोजनका लागि आवश्यक तपशिलमा उल्लेखित परिमाणको सेनिटरी प्याड इ.बिड.को माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा उक्त कार्यका लागि ईजाजत प्राप्त इच्छुक बिक्रेता, उधोग, फर्म, कम्पनी वा सप्लायर्सहरुबाट रितपूर्वक गोप्य बोलपत्र तपशिल बमोजिमको शर्तको अधिनमा रहि पेश गर्न सम्बन्धित सबैको लागि यो ३० दिने सूचना प्रकाशित गरिएको छ ।**

**शर्तहरु:**

१. बोलपत्र फाराम खरीद गर्न सम्बन्धित इच्छूक व्यवसायीहरुले आ.व. २०७८।०७९ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं मू.अ. कर दर्ता प्रमाण पत्र (भ्याट), आ.व. २०७७।०७८ सम्मको कर चूक्ता गरेको प्रमाण पत्र वा म्याद थप गरेको प्रमाण पत्र र फर्म सम्वन्धी अन्य कूनै कागजात भए सो समेतको प्रतिलिपि सहित www.bolpatra.gov.np/egp बाट बोलपत्र फारम डाउनलोड गरी अध्ययन गरी सोही बमोजिम पेश गर्न सकिने छ ।

२. खरीद गरिएको बोलपत्रको हकमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको दिउंसो १२:०० बजे भित्र फर्मको विवरण खूल्लने गरी सार्वजनिक खरिद अनूगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp बाट भर्न सकिने छ ।

३. बोलपत्र सम्वन्धी कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए वमोजिमका कुराहरु खुलेको प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

४. बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मुल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने छैंन ।

५. बोलपत्रदाताले प्राविधिक योग्यताको कागजातहरु पेश गर्दा बोलपत्र सूचना तथा बोलपत्र पुस्तिकामा उल्लेख भएका कागजातहरु मात्र क्रमबद्ध रुपमा राखी पेश गर्नु पर्नेछ ।

६. दर्ता भएको बोलपत्र ३१ औं दिनको ५:०० वजे बोलपत्र दर्ता गर्ने फर्महरुको सम्वन्धित व्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फर्मको प्रतिनिधिको रुपमा कुनै व्यक्ति पठाउनू पर्ने भएमा रीतपुर्वकको मन्जुरीनामा सहित पठाउनू पर्नेछ ।

७. बोलपत्र खरिदका लागी राष्ट्रिय बाणिज्य बैक परासी शाखाको खाता नं. ३१००१००३०१०१०००२ मा नगद रकम दाखिला गरी बैक भौचर पेश गर्नु पर्नेछ ।

८. बोलपत्र साथ जमानत वापतको रकम राष्ट्रिय बाणिज्य बैक परासी शाखाको धरौटी खाता नं. ३१००१००३०३००००२ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैक वाट मान्यता प्राप्त बैकवाट यस कार्यालयको नाममा जारी भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको जमानीपत्र (Bidbond) समावेश भएको हुनु पर्नेछ अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

९. बोलपत्र जून फर्मको नाम वाट खरीद भएको हो सोही फर्मको नामवाट दर्ता गराउनु पर्ने छ । बोलपत्रदाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु बोलपत्र साथ संलग्न हुनु पर्नेछ ।

१०. दर्ता भएको बोलपत्रको मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम मितिवाट ९० दिनको हुनेछ ।

११. कूनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने ,नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

**१२.कार्यालय हातासम्म ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्रदाताले स्वयम्ले नै व्यहोर्नु पर्नेछ ।**

**१३.आपुर्ति गरिने सेनिटरी प्याडको Expiry Date यस कार्यालयको स्टोरमा बुझाउँदा कम्तिमा उत्पादन मितिबाट ३ (तिन) वर्ष म्याद बाकी भएको हुनुपर्नेछ ।**

१४.कम्तीमा ८ वटा प्याड भएको प्याकेटलाई १ प्याकेट मानीनेछ र BOQ मा दर भर्दा प्याकेटलाई इकाई मानी भर्नुपर्नेछ ।
१५.बोलपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समयावधी भित्र सेनिटरी प्याडहरु बुझाउनु पर्नेछ र तोकीएको समयमा बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावली २०६४(संशोधन सहित) बमोजिम कारबाही हुनेछ ।
१६.बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेखल गरे बमोजिम हुनेछ ।
१७.बोलपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरि बुझ्न सकिनेछ ।
१८.यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।
१९.कामको मुख्य विवरण तथा लागत अनुमान देहाय वमोजिम रहेको छ ।

| सि.नं | कामको विवरण | स्पेशिफिकेसन | संख्या | इष्टिमेट रकम रु भ्याट बाहेक | जमानत रकम रु. | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | सेनिटरी प्याडको आपूर्ति | सेनिटरी प्याडको प्याकेट (प्रति प्याकेटमा ८ वटा प्याड भएको हुनुपर्नेछ, अल्ट्रा टाइपमा) | २७,५०० प्याकेट ( Pack) | २३११९४६।९० | ६५,४००।- | रु. ३०००।०० |

प्रमुख प्रशासकिय अधिकृत